संयुक्त राष्ट्र संघ — सिसिपिआर/सि/११९/डि/२१८४/२०१२

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध**

वितरणः साधारण

८ मे २०१७ (२०७४/०१/२५)

मूल प्रति: अङ्ग्रेजी

**मानव अधिकार समिति**

**उजुरी नं २१८४/२०१२ का सम्बन्धमा ऐच्छिक आलेख को धारा ५(४) अन्तर्गत समितिले ग्रहण गरेको अभिमत *, ****

| | |
|---|---|
| पेश गर्ने: | राम माया नकर्मी (ट्र्याक इम्प्यूनिटि अलवेज- ट्रायल (Track Impunity Always, TRIAL) का कानूनी सल्लाहकार फिलिप ग्रान्टद्वारा प्रतिनिधित्व गरिएको) |
| दाबी गरिएको पीडित: | उजुरीकर्ता, पदम नारायण नकर्मी (उनका पति) र लुमन नकर्मी (उनीहरूकी नाबालक छोरी) |
| पक्ष राष्ट्र: | नेपाल |
| उजुरी मिति: | ३१ जनवरी (शुरूमा पेश गरिएको) |
| सन्दर्भ सामग्रीहरूः | समितिको कार्यविधि नियमावलीको नियम ९७ निर्णय लिइएको, पक्ष राष्ट्रलाई २ अगस्ट २०१२ (२०६९/०४/१८) मा सम्प्रेषण गरिएको (दस्तावेजको रूपमा जारी नगरिएको) |
| अभिमत ग्रहण गरिएको मिति: | १० मार्च २०१७ (२०७३/११/२७) |

| | |
|---|---|
| विषयवस्तु: | बलपूर्वक बेपत्ता पार्ने कार्य |
| कार्यविधिगत विषय: | सबै घरेलु उपचारको उपभोग गरिसकेको; पर्याप्त मात्रामा आरोप पुष्टि गर्न असफल |
| सारभूत विषयः | बाँच्न पाउने हक; यातना र क्रूर तथा अमानवीय व्यवहारमा प्रतिबन्ध; व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकार; मानव व्यक्तिमा निहित मर्यादाको सम्मान; कानुनको दृष्टिमा व्यक्तिको रूपमा पहिचान; व्यक्तिको पारिवारिक जीवनमा स्वेच्छाचारी र गैरकानुनी हस्तक्षेप हुन नहुने अधिकार; प्रभावकारी कानूनी उपचारको अधिकार; बालकको सुरक्षाको अधिकार; र प्रभावकारी उपचारको अधिकार |
| अनुबन्धका धाराहरू: | धारा २(३), ६, ७, ९, १०, १६ र २४ (१) |
| ऐच्छिक आलेखका धाराहरूः | २ र ५(२) (ख) |

*समितिको ११९ औ बैठकमा ग्रहण गरिएको (६ मार्च - २९ मार्च २०१७) (२०७३/११/२३ - २०७३/११/१६)

** प्रस्तुत उजुरीको छानबिन प्रक्रियामा समितिका देहाय बमोजिमका सदस्यहरूको सहभागिता रहेको थियो: श्री तानिया मारिया अब्दो रोचोल, श्री यद वेन अचौर, श्री इल्ज ब्रान्ड्स केहेरिस, श्री अहमद अमिन फथल्ला, श्री ओलिवर डे फ्रुविले, श्री क्रिस्टोफ हेन्स, श्री युजी इसवा, श्री बमरियम कोइता, श्री मार्सिया भी.जे क्रान, श्री ड़न्कन लाकी मुहुमुजा, श्री फ़ओतिनी पाज़र्तिज़, मउरोपोलिटि, श्री माउरो

पोलिटि, श्री होसे म्यनुवेल सन्तोस पायस, श्री अन्जा सैबर्ट फोह्र, श्री युवल शानी, र श्री मार्गो वाटरभल।

१. यस उजुरीकी उजुरीकर्ता राममाया नकर्मी हुन् र उनले आफ्नो तर्फबाट र आफ्ना पति पदम नारायण नकर्मी तथा नाबालक छोरी एल.एनको तर्फबाट उजुरी पेश गरेकी छिन्। उनीहरू सबै नेपाली नागरिक हुन् र उनीहरूको जन्म क्रमशः११ जनवरी १९७७ (२०३३/०९/२८), १७ अप्रिल १९७६ (२०३३/०१/०५) र २२ अक्टोबर १९९९ (२०५६/०७/०५) मा भएको थियो। उजुरीकर्ताको दाबी अनुसार पक्ष राष्ट्रले उनको पतिको अनुबन्धको धारा ६, ७, ९, १० र १६ र संयुक्त रूपमा धारा २(३) अन्तर्गतका अधिकारहरू र उनको अनुबन्धको धारा ७ अन्तर्गतको छुट्टै र संयुक्त रूपमा धारा २(३) अन्तर्गतको अधिकारहरू र उनकी नाबालक छोरीको अनुबन्ध अन्तर्गत धारा ७ को छुट्टै र संयुक्त रूपमा धारा २(३) र २४ (१) अन्तर्गत का अधिकारहरूको उल्लङ्घन गरेको छ। उजुरीकर्तालाई कानुनी सल्लाहकारले प्रतिनिधित्व गर्दै छन्। अनुबन्ध र ऐच्छिक आलेख पक्ष राष्ट्रको लागि १४ अगस्ट १९९१ (२०४८/०४/२९) बाट लागू भएको थियो।

## उजुरीकर्ताद्वारा प्रस्तुत तथ्य

२.१ सन् १९९६ बाट २००६ सम्म नेपालमा सरकार र नेपाल कम्युनिस्ट पार्टीबीच आन्तरिक सशस्त्र द्वन्द्व चलेको थियो। आतंककारी तथा विध्वंशात्मक कार्य अध्यादेशद्वारा सुरक्षाकर्मीहरूलाई बृहत् अधिकार प्रदान गरिएको थियो। पक्ष राष्ट्रले लामो अवधिको लागि सङ्कटकाल घोषणा गरेको थियो र विभिन्न अधिकारहरू निलम्बित गरिएको थियो। प्रहरी र शाही नेपाली सेना लगायत द्वन्द्वका दुवै पक्षले अत्याचारका कार्यहरू गरेका थिए र बलपूर्वक बेपत्ता पर्ने कार्यहरू व्यापक रूपमा घटाइएका थिए।[1] त्यस समयमा र खासगरी सन् २००३ पछि काठमाडौंको महाराजगन्जमा रहेको शाही नेपाली सेनाको भैरवनाथ गणको ब्यारेक (महाराजगन्ज ब्यारेक पनि भनिने गरेको) माओवादी भनि शंका गरिएको व्यक्तिलाई थुनामा राख्ने, दुर्व्यवहार गर्ने, यातना दिने, बेपत्ता पार्ने र मार्ने ठाउँ भनि कुख्यात रहेको थियो[2]।

२.२ श्री नकर्मी बुंगमती, ललितपुर, नेपालमा बस्थे जहाँ उनको फलामको ग्रिल बनाउने सानो व्यवसाय थियो। उनी परिवारको लागि आयको एक मात्र श्रोत थिए। उजुरीकर्ताको दाबी अनुसार

[1] उजुरीकर्ताहरूले बलपूर्वक बेपत्ता पार्ने कार्य सम्बन्धी कार्य दलको प्रतिवेदन (हेर्नुहोस् E/CN.4/2004/58), अनुच्छेद २२७ र A/HRC/13/31, अनुसूची ४ (नेपाल सम्बन्धी ग्राफ) र Office of the United Nations High Commissioner for Human Rights (OHCHR), "Conflict-related disappearances in Bardiya District" (डिसेम्बर २००८), पृष्ठ ५ र २७ (http://nepal.ohchr.org मा उपलब्ध) उल्लेख गरेका छन् ।

[2] उजुरीकर्ताले OHCHR, "Report of investigation into arbitrary detention, torture, and disappearance at the Maharajgunj RNA barracks, Kathmandu in 2003 and 2004" (मे २००६) उल्लेख गरेका छन् ।

२३ सेप्टेम्बर २००३ (२०६०/०६/०६) मा श्री नकर्मीलाई उनको घरबाट करिब छ जना सादा पोसाकमा आएका व्यक्तिहरूले पक्राउ गरी लगेका थिए। ती व्यक्तिहरूले आफूलाई शाही नेपाली सेनाको भैरवनाथ ब्यारेकबाट खटाइएको भनि आधिकारिक परिचयपत्रसहित चिनाएका थिए। उजुरीकर्ता, श्री नकर्मीकी आमा र भाइ लगायत धेरै व्यक्तिले पक्राउको घटना देखेका थिए।

२.३ आफ्नो श्रीमान् पक्राउ परेपछि उजुरीकर्ता दुई वर्षसम्म लगातार भैरवनाथ ब्यारेक र लगनखेल ब्यारेक धाइन्। उक्त ब्यारेकका अधिकारीहरूले सधैँ श्री नकर्मीलाई त्यहाँ नराखिएको बताउथे। उजुरीकर्ता काठमाडौंको नक्सालमा रहेको प्रहरी मुख्यालय र हनुमान ढोकामा रहेको जिल्ला प्रहरी कार्यालय पनि धाइरहिन् तर त्यहाँ पनि उनलाई सधैँ उनको पति त्यहाँ नरहेको जानकारी दिइन्थ्यो। तथापि, उनको श्रीमान पक्राउ परेको केही समयपछि भैरवनाथ ब्यारेकका एक पूर्व कैदीले उनलाई उनको श्रीमान ब्यारेकमा रहेको जानकारी दिएका थिए।

२.४ अक्टोबर २००३ मा उजुरीकर्ताले पाटनको जिल्ला प्रहरी कार्यालयमा जाहेरी दरखास्त दर्ता गर्न प्रयास गरिन। जाहेरी दरखास्त सरकारी मुद्दा सम्बन्धी ऐन १९९२ को अनुसूची १ मा उल्लेख भएका मुद्दाहरूको लागि मात्रै दर्ता हुने र बलपूर्वक बेपत्ता पार्ने कार्य सो अनुसूचीमा नभएको आधारमा प्रहरीले उनको जाहेरी दरखास्त दर्ता गर्न इन्कार गरेको उजुरीकर्ताको दाबी रहेको छ।

२.५ २००५ र २००६ को बीचको समयमा के.के.सी र एच.एस नाम गरेका भैरवनाथ ब्यारेकका दुई पूर्व कैदीहरूले उनको श्रीमानलाई सो ब्यारेकमा देखेको भनि उजुरीकर्तालाई भनेको उजुरीकर्ताले दाबी गरेकी छिन्।

२.६ मे २००६ मा नेपालमा मानव अधिकार सम्बन्धी उच्च आयुक्तको कार्यालय (OHCHR-Nepal) ले भैरवनाथ ब्यारेकमा २००३-२००४ मा भएको स्वेच्छाचारी पक्राउ, यातना र बेपत्ता पार्ने कार्य सम्बन्धी आफ्नो प्रतिवेदन जारी गरेको थियो[3]। हालखबर पत्ता नलागेको थुनुवाहरू र पूर्व थुनुवाहरूले २००४ र २००५ को सुरुमा अन्तिम पटक देख्दा एकदमै बिरामी रहेका थुनुवाहरूको सूचीमा उजुरीकर्ताको पतिको नाम पनि समावेश गरिएको थियो। सो प्रतिवेदनका अनुसार सन्

[3] Ibid.

२००३ को डिसेम्बरको अन्त्यतिर आइ पुग्दा श्री नकर्मीको शरीर धेरै सुन्निएको थियो र उनी धेरै कमजोर भइसकेका थिए। २००४ मा उनको मृत्यु भएको विश्वास गरिन्छ[4]। सो प्रतिवेदनमा थुनुवाहरूलाई क्रूर, अमानवीय र अपमानजनक अवस्थामा राखिएको भनेर पनि उल्लेख गरिएको थियो[5]।

२.७ आफ्नो पति बेपत्ता भएको बारेमा जाहेरी दर्ता गराउन १९ जुन २००६ (२०६३/०३/०५) मा आफूले दोस्रो पटक प्रयास गरेको र हनुमान ढोकामा रहेको जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता भएको उजुरीकर्ताको दाबी छ। जाहेरीमा उनले उनको पतिलाई बेपत्ता पार्ने, यातना दिने र सम्भवतः उनको हत्या गर्ने शाही नेपाली सेनाका पाँच सदस्यहरूको परिचय उल्लेख समेत गरी उक्त व्यक्तिहरूको तुरुन्त पक्राउ र अभियोजनका लागि अनुरोध गरेकी थिइन्। प्रत्यक्षदर्शीहरूको बयान र नेपालमा मानव अधिकार सम्बन्धी उच्च आयुक्तको कार्यालय (OHCHR-Nepal) को प्रतिवेदनको आधारमा आफ्नो पतिलाई भएको घटनाको लागि उक्त व्यक्तिहरू जिम्मेवार रहेको भनि उल्लेख गरेकी थिइन्। उनका यी प्रयासहरूका बावजुद कुनै अनुसन्धान गरिएन। २५ डिसेम्बर २००६ (२०६३/०९/१०) मा काठमाडौंको जिल्ला प्रहरी कार्यालयले उनलाई सेनाका अधिकारीहरूलाई कार्यालयमा बोलाउन नसकेको र त्यस कारणले गर्दा अनुसन्धान हुन नसकेको बतायो र फर्केर नआउन भन्यो।

२.८ प्रहरीले आरोपित माथि कुनै कारबाही गर्न अस्वीकार गरेपछि ४ जनवरी २००७ (२०६३/०९/२०) मा उजुरीकर्ताले नेपालको सर्वोच्च अदालतमा आफ्नो पतिको गैर न्यायिक हत्यामा संलग्न विभिन्न सरकारी निकाय र शाही नेपाली सेनाको विरुद्ध परमादेशको रिट दर्ता गरिन। सो प्रक्रिया अन्तर्गत, हनुमान ढोका काठमाडौं को जिल्ला प्रहरी कार्यालयले उजुरीकर्ताले जाहेरी दर्ता नै नगराएको भनि जबाफ पेश गर्यो। रक्षा मन्त्रालय, सेना मुख्यालयको मानव अधिकार सेलका प्रमुख, भैरवनाथ ब्यारेकका प्रमुख सेनानी, गृह मन्त्रालय, सेनाका प्रमुख, दुई उच्च तहका प्रहरी लगायतका अधिकारीहरूले सर्वोच्च अदालतलाई कुनै सान्दर्भिक जानकारी प्रदान गरेनन् र उनको पतिलाई पक्राउ नगरेको र कहिले नदेखेको भनि जबाफ पेश गरे।

[4] Ibid, पृष्ठ ६५

[5] Ibid, पृष्ठ ६०

२.९ १ जुन २००७ (२०६४/०२/१८) मा सर्वोच्च अदालतले ८३ जना बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको हकमा बन्दी प्रत्यक्षीकरणको रिटमा आदेश जारी गर्यो। श्री नकर्मीको पक्षमा बन्दी प्रत्यक्षीकरणको रिट दर्ता नभएको भए तापनि एउटा रिटमा उजुरीकर्ताको पतिको भैरवनाथ ब्यारेकमा यातनाका कारण मृत्यु भएको भनि उल्लेख गरिएको भनि सर्वोच्च अदालतले टिप्पणी गरेको थियो। अदालतले सो ब्यारेकका एक जना पूर्व थुनुवाले पुनरावेदन अदालत पाटन समक्ष निवेदनमा उल्लेख गरिएका व्यक्तिहरूलाई सो ब्यारेकमा थुनामा राखेको बयान दिएको कुरा पनि उल्लेख गरेको थियो।

२.१० जुन २००९ (२०६६/०२/२७) मा सरकारले स्थापना गरेको अन्तरिम राहत योजना अन्तर्गत उजुरीकर्ताले ने.रू १००००० प्राप्त गरिन्।

२.११ १८ अगस्ट २००९ (२०६६/०५/०२) मा सर्वोच्च अदालतले भैरवनाथ ब्यारेकमा भएको बलपूर्वक बेपत्ता पार्ने कार्यका बारेमा कुनै जानकारी छ वा छैन भनि सोधी मानव अधिकार आयोगलाई चिठ्ठी लेखेको थियो। यसको जबाफमा आयोगले पानीमा डुबाउने, करेन्ट लगाउने, विभिन्न वस्तुले पिट्ने लगायतका सो ब्यारेकहरूमा प्रयोग हुने विभिन्न यातनाका प्रक्रियाहरूको व्याख्या गर्ने प्रतिवेदन ७ सेप्टेम्बर २००९ (२०६६/०५/२२) मा अदालतमा पेश गरेको थियो। सो प्रतिवेदनमा ब्यारेकमा थुनुवाहरूलाई दुरवस्थामा राखिएको र अरू व्यक्तिलाई यातना दिएको आवाज सुन्न बाध्य बनाएको भनेर पनि उल्लेख गरिएको थियो। सो प्रतिवेदनमा उनको पतिको नाम पनि उल्लेख भएको, उनको पतिलाई दिएको यातनाको कारण उनी गम्भीर रूपमा बिरामी भएको र अन्य थुनुवाहरूको विचारमा उनलाई फेब्रुअरी २००४ को दोस्रो हप्तातिर छाउनीको श्री विरेन्द्र सैनिक अस्पताल लागिएको भनि उल्लेख भएको उजुरीकर्ता औँल्याउँछिन् [6]। नेपाल रेड क्रस[7] को बेपत्ता व्यक्तिको सूचीमा र राष्ट्रिय मानव अधिकार आयोगको बेपत्ता व्यक्तिको सूचीमा पनि उनको पतिको नाम उल्लेख गरिएको छ भनि उजुरीकर्ताले उल्लेख गरेकी छिन् [8]।

---

[6] ७ सेप्टेम्बर २००९ मा सर्वोच्च अदालतको आदेश बमोजिम पेश भएको राष्ट्रिय मानव अधिकार आयोगको अनुसन्धानको प्रतिवेदन उजुरीकर्ताले उल्लेख गरेकी छिन् ।

[7] उजुरीकर्ताले अन्तरराष्ट्रिय रेड क्रस समितिको "Missing persons in Nepal: the right to know" उल्लेख गरेकी छिन् जसमा उजुरीकर्ताको पतिको नाम पनि समावेश गरिएको थियो ।

[8] राष्ट्रिय मानव अधिकार आयोग, "An Appeal", बेपत्ता व्यक्तिको सूची (२०५७-२०६०) जसमा उजुरीकर्ताको पतिको नाम पनि समावेश गरिएको थियो ।

२.१२ सर्वोच्च अदालतले २६ अगस्ट २०१० (२०६७/०५/१०) मा उनको पतिलाई पक्राउ गरिएको र राज्यको निकायले हत्या गरेको जनाउने कुनै प्रमाण नभएको आधारमा परमादेशको रिट खारेज गरिदियो। सो फैसलामा उल्लेख भए अनुसार उजुरीकर्ताको दाबी ब्यारेकमा रहेका फौजदारी अभियोग अन्तर्गत मुद्दा चलाइएका थुनुवाहरूको बयान र राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनमा मात्र आधारित थियो र उनले लगाएका आरोपहरू व्यक्तिगत धारणा मात्रै थिए। उजुरीकर्ताका दाबीहरू बलपूर्वक बेपत्ता पारिएकाका समस्याहरूको समाधान गर्न भविष्यमा सरकारले स्थापना गर्ने सत्य निरूपण तथा मेलमिलाप आयोग द्वारा अनुसन्धान हुनु पर्ने भनी अदालतको फैसलामा उल्लेख गरिएको थियो। यस सम्बन्धमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अनुसन्धानको लागि र परिवारहरूलाई अन्तरिम राहत दिनको लागि सरकारले कानुन बनाएको भनि अदालतले टिप्पणी गरेको थियो।

२.१३ उपलब्ध घरेलु उपचारका सबै उपायहरू प्रयोग गरिसकेको भनि उजुरीकर्ताले दाबी गरेकी छिन्। जे भए तापनि धेरै जसो उपायहरू उपलब्ध छैनन् र उपलब्ध भएका केही सीमित उपायहरू प्रभावकारी छैनन् र अनावश्यक रूपमा लम्ब्याइएका छन्। फौजदारी अनुसन्धान जाहेरी दरखास्त दर्ता भएपछि मात्रै शुरु हुन्छ तर १९९२ को सरकारी मुद्दा सम्बन्धी ऐन को अनुसूची १ मा उल्लेख भएका अपराधसँग सम्बन्धित विषयमा मात्रै जाहेरी दरखास्त दर्ता गर्न सकिन्छ। बलपूर्वक बेपत्ता पार्ने कार्य राज्यको कानुनमा उल्लेख नगरिएको कारण बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको परिवारले यी घटनाको विरुद्ध जाहेरी दरखास्त दर्ता गराउन असम्भव रहेको छ। सर्वोच्च अदालतले पनि पक्ष राष्ट्रको कानुनमा रहेको यस गम्भीर कमजोरीलाई स्वीकारेको छ। उजुरीकर्ताको पतिको मुद्दामा, नेपालमा मानव अधिकार सम्बन्धी उच्च आयुक्तको कार्यालय (OHCHR-Nepal) को २००६ को प्रतिवेदन सार्वजनिक भएपछि मात्रै अधिकारीहरूले जाहेरी दर्ता गराएका थिए। तर जाहेरी दर्ता भएको केही महिनापछि काठमाडौंको जिल्ला प्रहरी कार्यालयले सेनाका अधिकारीहरूलाई बोलाउन नसकेको कारण अनुसन्धान गर्न नसकेको भनि उजुरीकर्तालाई फर्केर नआउन जबाफ दिएको थियो र यस कारण जाहेरी प्रभावकारी हुन सकेन। सरकारले राष्ट्रिय सशस्त्र द्वन्द्वको बेलामा भएको बलपूर्वक बेपत्ताको घटनाको अनुसन्धान गर्ने सत्य निरूपण तथा मेलमिलाप आयोग स्थापना गर्ने भन्ने परिस्थितिमा सर्वोच्च अदालतले उजुरीकर्ताको परमादेश रिट खारेज गरेको थियो। ऐच्छिक आलेखको धारा ५ (२) (ख) अन्तर्गत सङ्क्रमणकालीन न्यायको पद्धतिको परिधिमा सम्भावित तथ्य अनुसन्धान गर्ने प्रक्रियाले

न्यायमा पहुँच, गम्भीर मानव अधिकार उल्लङ्घनका पीडित र पीडितको परिवारको लागि परिपूरणलाई प्रतिस्थापन गर्न नसक्ने र यसलाई प्रभावकारी उपचार मान्न नसकिने उजुरीकर्ताको दाबी रहेको छ।

## उजुरी

३.१ उजुरीकर्ताको दाबी अनुसार उनको पति बलपूर्वक बेपत्ता पार्ने कार्यको पीडित भएको र पक्ष राष्ट्रले उनको पतिको अनुबन्धको धारा ६, ७, ९, १० र १६ र संयुक्त रूपमा धारा २(३) अन्तर्गतका अधिकारहरू र उनको अनुबन्धको धारा ७ अन्तर्गतको छुट्टै र संयुक्त रूपमा धारा २(३) अन्तर्गतका अधिकारहरू र उनको नाबालक छोरीको अनुबन्धको धारा ७ अन्तर्गतको छुट्टै र संयुक्त रूपमा धारा २(३) र २४ (१) अन्तर्गत का अधिकारहरूको उल्लङ्घन गरेको छ।

३.२ २३ सेप्टेम्बर २००३ (२०६०/०६/०६) मा प्रत्यक्षदर्शीको उपस्थितिमा शाही नेपाली सेनाले स्वेच्छाचारी रूपमा उजुरीकर्ताका पतिको स्वतन्त्रता हनन गरेर भैरवनाथ ब्यारेक लगेको थियो। उनलाई अन्तिम पटक उनको जीवन खतरामा रहेको अवस्थामा देखिएको थियो। पूर्व थुनुवाहरूको बयान, नेपालमा मानव अधिकार सम्बन्धी उच्च आयुक्तको कार्यालय (OHCHR-Nepal) तथा राष्ट्रिय मानव अधिकार आयोगका प्रतिवेदनहरू, १ जुन २००७ (२०६४/०२/१८) को सर्वोच्च अदालतको फैसला जस्ता विभिन्न भरपर्दो प्रमाणको आधारमा उनको मृत्यु उनी माथि गरिएको क्रूर व्यवहार र यातनाको कारण थुनुवा अवस्थामा भएको अनुमान गर्न सकिन्छ। उनको पतिको स्वेच्छाचारी पक्राउ, क्रूर व्यवहार र यातना व्यापक र व्यवस्थित अभ्यासको परिधिमा भएको थियो। उनले आफ्नो पतिको स्वतन्त्रताको हननको उजुरी तुरुन्तै गरे तापनि अधिकारीहरूले उक्त घटना भएको कुरालाई इन्कार गरे। श्री नकर्मीको हालखबर पत्ता लगाउन कुनै विस्तृत र प्रभावकारी अनुसन्धान भएन। त्यसैगरी, श्री नकर्मीको भौतिक अवशेष पत्ता लगाउने, उत्खनन गर्ने र परिवारलाई फिर्ता दिने कार्य भएको छैन। यस परिधिमा उनको पतिको हालखबर स्थापित र खुलासा गरी सन्तोषजनक र विश्वस्त व्याख्या प्रदान गर्ने प्रमाणको भार राज्यमा निहित रहेको छ। राज्यले यस दाबी विपरीतको तथ्य स्थापित गर्न नसकेको अवस्थामा उनको पतिलाई बलपूर्वक बेपत्ता पारिएको र सम्भवतः उनको हत्या गरी पक्ष राष्ट्रले अनुबन्धको धारा ६ को उल्लङ्घन गरेको उजुरीकर्ताको दाबी रहेको छ।

३.३ उनको पतिलाई बलपूर्वक बेपत्ता पारिनुले र यस क्रममा बाहिरी दुनियाँसँग सम्पर्कविहीन रूपमा थुनामा राख्नाले भएको पीडाले अनुबन्धको धारा ७ को उल्लङ्घन भएको उजुरीकर्ताको दाबी रहेको छ। पूर्व थुनुवाहरूको बयान, नेपालमा मानव अधिकार सम्बन्धी उच्च आयुक्तको कार्यालय (OHCHR-Nepal) र राष्ट्रिय मानव अधिकार आयोगका प्रतिवेदनहरू जस्ता समवर्ती प्रमाणले उनको पतिलाई पक्ष राष्ट्रका अधिकारीहरूले यातना दिएको सङ्केत गर्छन् (अनुच्छेद २.६ र २.९ हेर्नुहोस्)। जुन २००७ को सर्वोच्च अदालतको फैसलामा एउटा रिट अनुसार थुनामा रहँदा यातनाको कारण मृत्यु भएको व्यक्तिहरूको सूचीमा उनको पतिको नाम पनि समावेश रहेको भनि टिप्पणी गरिएको थियो।

३.४ श्री नकर्मीलाई भैरवनाथ ब्यारेकमा थुनामा राखिएको अवस्थाले अनुबन्धको धारा ७ र १० (१) को उल्लङ्घन भएको छ। पूर्व थुनुवाहरूको बयान, नेपालमा मानव अधिकार सम्बन्धी उच्च आयुक्तको कार्यालय (OHCHR-Nepal) र राष्ट्रिय मानव अधिकार आयोगका प्रतिवेदनहरूका अनुसार थुनुवाहरूलाई स्थायी रूपमा हतकडी लगाइएको, र आँखामा पट्टि लगाइएको, धेरै भीड भएको कोठामा राखिएको, अत्यन्त कम गुणस्तरको खाना र त्यो पनि सीमित मात्रामा दिइएको, फोहोर पानी र शौचालय मात्र उपलब्ध गराइएको थियो। जाडोको मौसममा उनीहरूलाई सिमेन्टको भुइँमा सुत्न बाध्य पारिएको थियो र गतिलो लुगा समेत दिइएको थिएन। रोग र सङ्क्रमणबाट पीडित थुनुवाहरूलाई चिकित्सा उपचार उपलब्ध थिएन। नेपालमा मानव अधिकार सम्बन्धी उच्च आयुक्तको कार्यालय (OHCHR-Nepal) को प्रतिवेदनमा उल्लेख भएको र पूर्व थुनुवाहरूको बयान अनुसार उनको पतिलाई स्वास्थ्य समस्या थियो र चिकित्सा उपचारको कमीले उनको अवस्था झनै बिग्रिन दिइएको थियो।

३.५ पक्ष राष्ट्रले अनुबन्धको धारा ९ को उल्लङ्घन गरेको उजुरीकर्ताले दाबी गरेकी छिन्। उनको पतिलाई शाही नेपाली सेनाका सदस्यले पक्राउ पुर्जी बिना र पक्राउ गर्नुको कारणको सन्तोषजनक स्पष्टीकरण बिना पक्राउ गरी भैरवनाथ ब्यारेकमा अज्ञात हिरासतमा राखेको थियो। पछि सेनाले उनलाई पक्राउ गरेको र थुनामा राखेको कुरा इन्कार गरेको थियो। उनको पक्राउलाई कुनै आधिकारिक अभिलेख वा दर्ता किताबमा प्रविष्टि गरिएको थिएन र उनका आफन्तले उनलाई त्यसपश्चात् देखेका छैनन्। उनी माथि कुनै मुद्दा चलाइएको थिएन र उनलाई कुनै न्यायाधीश

वा अधिकार प्राप्त अधिकारी समक्ष प्रस्तुत गरिएको थिएन। आफ्नो पक्राउको वैधानिकता विरुद्ध उनले कुनै अदालतमा उजुरी गर्न पाएनन्।

३.६ श्री नकर्मीलाई सम्पर्कविहीन थुनामा राखिनु, त्यसपछिको बलपूर्वक बेपत्ता पारिनु र उनको अवस्था पत्ता लगाउन अधिकारीहरूले कुनै प्रभावकारी अनुसन्धान नगर्नुले २३ सेप्टेम्बर २००३ (२०६०/०६/०६) देखि उनलाई कानुनको संरक्षणभन्दा बाहिर राखिएको छ र उनले आफ्नो मानव अधिकार र स्वतन्त्रता प्रयोग गर्न पाएका छैनन्। फलस्वरूप, पक्ष राष्ट्र अनुबन्धको धारा १६ को लगातार उल्लङ्घनको लागि जिम्मेवार छ।

३.७ आफ्नो पतिको स्वतन्त्रताको स्वेच्छाचारी हननको बारेमा उजुरीकर्तालेी तुरुन्त उजुरी गरेको भएतापनि उनको पतिको हालको अवस्था पत्ता लगाउन कुनै आधिकारिक, शीघ्र, निष्पक्ष, पूर्ण र स्वतन्त्र अनुसन्धान गरिएको छैन। पेश गरेको उजुरीको आधारमा कसैलाई समाह्वान गरिएको छैन। न त स्वेच्छाचारी रूपमा स्वतन्त्रता हनन, बलपूर्वक बेपत्ता पार्ने कार्य, सम्भवतः हत्या र अवशेष लुकाउने कार्यका लागि कसैलाई दोषी करार गरिएको छ। पक्ष राष्ट्रले उनको अनुबन्धको धारा ६(१), ७, ९, १०(१) र १६ र संयुत रूपमा धारा २(३) को लगातार उल्लङ्घन गरेको छ।

३.८ पक्ष राष्ट्रले उनको पतिलाई स्वेच्छाचारी रूपमा पक्राउ गरेको र अन्ततः बलपूर्वक बेपत्ता पारेको र अधिकारीहरूको सो मुद्दासँग सम्बन्धित क्रियाकलाप तथा अकर्मण्यताका कारण उनलाई पीडा भएकोले उनको अनुबन्धको धारा ७ अन्तर्गतको छुट्टै र संयुक्त रूपमा धारा २(३) अन्तर्गतको अधिकारहरू पक्ष राष्ट्रले उल्लङ्घन गरेको उनको दाबी रहेको छ। पति बेपत्ता हुनाले उनले आफ्नी छोरीलाई एक्लै हुर्काउन पर्यो। आफ्नो पतिलाई बलपूर्वक बेपत्ता पारिएको घटनाको जानकारी, पतिको वर्तमान अवस्थासम्बन्धी जानकारी र अनुसन्धानको प्रक्रिया र नतिजाको जानकारी पाउने उजुरीकर्ताको अधिकार आजसम्म पनि पक्ष राष्ट्रले लगातार उल्लङ्घन गरिरहेको छ।

३.९ पक्ष राष्ट्रले उनको छोरीको अनुबन्धको धारा ७ अन्तर्गतको छुट्टै र संयुक्त रूपमा धारा २(३) र २४ (१) अन्तर्गत का अधिकारहरूको उल्लङ्घन गरेको उजुरीकर्ताको दाबी छ। आफ्नो पिता बेपत्ता हुँदा उनकी छोरी ३ वर्षकी थिइन्। बालकको रूपमा पारिवारिक जीवनको आनन्द लिएर हुर्किन नपाउँदा र आफ्नो पिताको बारेमा थाह नहुँदा र आफ्नो पिता फर्किने हुन् या

होइनन् भनि थाह नहुँदा उनलाई विशेष असर परेको छ। उनकी आमाको बिग्रदो मानसिक अवस्थाले गर्दा पनि उनको हुर्काइमा नकारात्मक असर पर्यो।

३.१० उजुरीकर्ताले पक्ष राष्ट्रलाई देहाय बमोजिम सिफारिस गर्न माग गरी समिति समक्ष निवेदन गरेकी छिन् : (क) आफ्नो पतिको हालको अवस्था खबर पत्ता लगाउन प्राथमिकताका साथ तुरुन्त एउटा निष्पक्ष अनुसन्धान शुरु गराउन र उनको मृत्यु भइसकेको भए उनको अवशेष पत्ता लगाई, उत्खनन गरी, पहिचान गरी परिवारलाई फिर्ता दिने (ख) पीडकहरूलाई सक्षम नागरिक निकायद्वारा अभियोजन र सजाय गरी सो फैसला सार्वजनिक गर्ने (ग) उजुरीकर्तालाई समग्र परिपूरण तथा शीघ्र, न्यायपूर्ण र पर्याप्त क्षतिपूर्ति उपलब्ध गराउने र (घ) परिपूरणले भौतिक तथा नैतिक क्षति समावेश गरी पुनर्वास, पुनर्स्थापना, र भविष्यमा यस्ता कार्य नदोहोरिने प्रत्याभूति पनि समावेश गरेको सुनिश्चित गर्ने। विशेषगरी, पक्ष राष्ट्रले एउटा सार्वजनिक समारोहमा अधिकारीहरूको र उजुरीकर्ताहरूको उपस्थितिमा आफ्नो अन्तरराष्ट्रिय दायित्व स्वीकार गरोस्, र उजुरीकर्ता तथा श्री नकर्मीका आफन्तहरूसँग आधिकारिक रूपमा क्षमा मागोस् भन्ने उनीहरूको अनुरोध रहेको छ।पक्ष राष्ट्रले आफ्नो विशिष्टीकृत संस्थाहरूबाट उजुरीकर्तालाई तत्काल निःशुल्क चिकित्सा र मनोवैज्ञानिक उपचार तथा स्याहारसमेत उपलब्ध गराउनुपर्छ र उनलाई प्रभावकारी र पर्याप्त उपचार उपलब्ध भएको सुनिश्चित गर्न आवश्यक निःशुल्क कानुनी सहायता प्रदान गर्नुपर्छ। यस्तो घटना पुनः दोहोरिन नदिने प्रत्याभूति स्वरूप पक्ष राष्ट्रले बलपूर्वक बेपत्ता पार्ने कार्य र यातना र विभिन्न तवरले ती अपराधमा सहभागी हुनेलाई आफ्नो फौजदारी कानुन अन्तर्गत छुट्टै अपराध मानी तिनीहरूको गाम्भीर्यताको आधारमा उपयुक्त सजाय हुने व्यवस्था गर्नुपर्छ।

**ग्राह्यता सम्बन्धी पक्ष राष्ट्रको टिप्पणी**

४.१ १० अक्टोबर २०१२ (२०६९/०६/२४) मा पक्ष राष्ट्रले उजुरीको ग्राह्यता सम्बन्धी आफ्नो टिप्पणी पेश गरेको थियो र सो टिप्पणी अनुसार उजुरीकर्ताले घरेलु उपचारका सबै उपायहरूको प्रयोग गरिसकेकी छैनन् र उनका आरोपहरू स्थापित/प्रमाणित हुन सक्ने अवस्था छैन।

४.२ पक्ष राष्ट्रका अनुसार उजुरीकर्ताले लगाएको पक्राउ, थुना, बलपूर्वक बेपत्ता, यातना र गैरकानुनी हत्या सम्बन्धी आरोपहरूलाई कुनै प्रत्यक्ष वा परिस्थितिजन्य प्रमाणले समर्थन

गरिएको छैन। शाही नेपाली सेनाले उनको पतिको थुनामा राखेको वा उनको हत्या गरेको भनि पुष्टि गर्न नसक्दा २६ अगस्ट २०१० (२०६७/०५/१०) मा सर्वोच्च अदालतले उनको पतिको हकमा दर्ता भएको परमादेश रिट खारेज गरेको थियो। नेपालमा मानव अधिकार सम्बन्धी उच्च आयुक्तको कार्यालय (OHCHR-Nepal) र राष्ट्रिय मानव अधिकार आयोगका प्रतिवेदनहरूले र १ जुन २००७ (२०६४/०२/१८) को सर्वोच्च अदालतको फैसलाले यी आरोपहरू पुष्टि हुन सक्दैनन्। तसर्थ, अनुबन्धको उल्लङ्घनसँग सम्बन्धित उजुरीकर्ताको आरोप स्थापित हुन सक्दैन।

४.३ सरकारी मुद्दा सम्बन्धी ऐन १९९२ आवश्यक भए अनुसार उजुरीकर्ताले प्रहरीमा जाहेरी दरखास्त दर्ता गराएका छैनन्। सो दर्ता गराएको भए सम्बन्धित कार्यालयले अनुसन्धान अघि बढाउन सक्ने अवस्था हुन्थ्यो।

४.४ नेपालको अन्तरिम संविधान २००७ मा सशस्त्र द्वन्द्वको समयमा भएका मानव अधिकारका गम्भीर उल्लङ्घनका घटनाहरूको छानबिन गर्न सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना गरिने भनि उल्लेख गरिएको पक्ष राष्ट्रले बताएको छ। सशस्त्र द्वन्द्वको समयमा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई विशेष अनुसन्धान र उपचारद्वारा अघि बढाइनुपर्छ। नेपालको सर्वोच्च अदालतले पनि स्वीकार गरे जस्तै यस्ता विषयमा सामान्य फौजदारी न्याय प्रणाली लागू हुन सक्दैन। यस आयोगले अनुसन्धान गरी आफ्नो प्रतिवेदन तयार गरे पश्चात् अपराधीहरूको फौजदारी न्याय प्रणाली अनुसार अभियोजन गरिन्छ। यस अर्थमा सङ्क्रमणकालीन न्यायका प्रणालीहरू विद्यमान फौजदारी न्याय प्रणालीका पूरक र परिपूरक हुन्। पक्ष राष्ट्रले सङ्क्रमणकालीन न्यायको प्रणाली स्थापना गर्ने प्रयास गरिरहेको हुनाले समितिलाई यस विशेष परिस्थितिलाई बुझिँदिन पक्ष राष्ट्र अनुरोध गर्दछ।

४.५ वर्तमान अवस्था पत्ता नलागेका व्यक्तिहरूलाई अन्तरिम राहतको स्वरूप पक्ष राष्ट्रद्वारा हरेक पीडित परिवारलाई ने.रू ३००००० प्रदान गरिएको छ। सङ्क्रमणकालीन न्यायको पद्धति स्थापना भएपश्चात् पीडितहरूले थप राहत प्राप्त गर्न सक्नेछन्।

४.६ विद्यमान फौजदारी न्याय प्रणालीले राम्रो काम गरिरहेको पक्ष राष्ट्रको दाबी रहेको छ। सरकारी मुद्दा सम्बन्धी ऐन १९९२ को अधीनमा नेपाल प्रहरीले सशस्त्र द्वन्द्वको समयमा भएका केही घटनाहरूको अनुसन्धान गरेको छ।

**ग्राह्यता सम्बन्धी पक्ष राष्ट्रको टिप्पणी उपर उजुरीकर्ताको टिप्पणी**

५.१ पक्ष राष्ट्रको टिप्पणी उपर १४ डिसेम्बर २०१२ (२०६९/१०/२९) मा उजुरीकर्ताले आफ्नो टिप्पणी पेश गरेकी छिन्। उनको पतिको शाही नेपाली सेनाद्वारा भएको पक्राउ, भैरवनाथ ब्यारेकमा रहेका ३ विभिन्न पूर्व थुनुवाको बयानबाट पुष्टि भएको उनको जिकिर छ। नेपालमा मानव अधिकार सम्बन्धी उच्च आयुक्तको कार्यालय (OHCHR-Nepal) र राष्ट्रिय मानव अधिकार आयोगका प्रतिवेदनहरूले पनि श्री नकर्मीलाई बलपूर्वक बेपत्ता पारिएको पुष्टि गरेका छन्। १ जुन २००७ (२०६४/०२/१८) को फैसलामा १ पूर्व थुनुवाको बयान सर्वोच्च अदालतले पनि नोट गरेको थियो जसमा ती थुनुवाले उनको पतिलाई ब्यारेकमा देखेको र यातनाको कारण उनको मृत्यु भएको भनि उल्लेख गरिएको थियो। भैरवनाथ ब्यारेकको थुनाको स्थिति अमानवीय थियो र थुनुवाहरूलाई यातना दिइन्थ्यो भन्ने दाबी पनि यस प्रमाणबाट स्थापित हुन्छ।

५.२ बलपूर्वक बेपत्ता सम्बन्धी मुद्दाहरूमा, तथ्यको खुलासा अधिकारीहरूसँग भएको जानकारीमा पूर्ण रूपमा आधारित हुने हुँदा प्रत्यक्ष प्रमाणको अभावमा पनि यी आरोपहरूको अनुसन्धान असल नियतले गर्नु राज्यको दायित्व हुन्छ। सर्वोच्च अदालतले उनको परमादेशको रिट खारेज गरेबाट उनलाई प्रभावकारी उपचारबाट वञ्चित गरिएको छ र श्री नकर्मीको बलपूर्वक बेपत्ता पारिएको घटना सम्बन्धी आधिकारिक, शीघ्र, निष्पक्ष, पूर्ण र स्वतन्त्र अनुसन्धान गर्नुपर्ने दायित्वको उल्लङ्घन भएको छ। सर्वोच्च अदालत वा अन्य कुनै निकायले उनको पतिको पक्राउ वा अन्ततः बेपत्ता पारिएको घटनाको परिस्थितिको प्रभावकारी छानबिन गरेन।

५.३ उजुरीकर्ताले आफ्नो टिप्पणी पेश गर्दाको समयमा भविष्यमा स्थापित हुन सक्ने सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ताको घटना छानबिन आयोगको गठन सुनिश्चित थिएन। गैर-न्यायिक निकायले तथ्य खोजी गर्ने कार्य सत्य निरूपणका लागि महत्त्वपूर्ण भएतापनि यसले न्यायमा पहुँच र गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका पीडित र पीडितका परिवारलाई राहत दिने कार्यलाई प्रतिस्थापन गर्न सक्दैन किनभने शीघ्र अनुसन्धान गरी आपराधिक कार्यलाई दण्डित गर्ने फौजदारी न्याय प्रणाली नै बढी उपयुक्त बाटो हुन्छ। त्यसैगरी, सङ्क्रमणकालीन न्याय संयन्त्रलाई उजुरीकर्ताले उपयोग गरी सक्नुपर्ने घरेलु उपचारका उपायहरू अन्तर्गतको प्रभावकारी उपाय मान्न सकिँदैन।

५.४ उजुरीकर्ताले आफूले दुई पटक जाहेरी दरखास्त दर्ता गराउन प्रयास गरेको कुरा दोहोर्याउँछिन्। अधिकारीहरूले पहिलो पटक दर्ता गर्न इन्कार गरे पनि १९ जुन २००६ (२०६३/०३/०५) मा दोस्रो पटकमा अन्ततः उनी सफल भएकी थिइन्। पक्ष राष्ट्रको कानुनमा बलपूर्वक बेपत्ता, यातना वा गैरकानुनी हत्या को अपराधीकरण नभएको कारण यी मुद्दामा जाहेरी दिन मिल्ने अवस्था थिएन र कुनै उपचार उपलब्ध थिएन। उजुरीकर्ताको थप दाबी अनुसार प्रहरी वा सशस्त्र फौजका कुनै सदस्य संलग्न भएको मुद्दामा प्रहरीले उजुरी लिन इन्कार गर्ने गरेकोले जाहेरी दरखास्तको उपचार प्रभावकारी छैन [9]।

५.५ उजुरीकर्ताले सरकारबाट आफूले अन्तरिम राहत स्वरूप ने.रू १००००० मात्रै प्राप्त गरेको तथ्यलाई जोड दिन्छिन्। सो रकम उनले भोग्नु परेको भौतिक वा नैतिक हानिको अनुपातमा थोरै रहेको छ र अनुबन्धको धारा २(३) को अर्थ अनुसार प्रभावकारी उपचार मान्न सकिँदैन। यस प्रकृतिको मानव अधिकार उल्लङ्घनको लागि आर्थिक क्षतिपूर्ति मात्रै पर्याप्त हुँदैन। गम्भीर प्रकृतिको मानव अधिकारको उल्लङ्घन को मुद्दामा पुनर्स्थापना, पुनर्वास, सन्तुष्टि र सो कार्य नदोहरिने प्रत्याभूति पनि राहतमा समावेश हुनुपर्छ।

**उजुरीको कानुनी प्रश्न माथि पक्ष राष्ट्रको टिप्पणी**

६.१ ५ अप्रिल २०१३ (२०६९/१२/२३) मा पक्ष राष्ट्रले उजुरीको कानुनी प्रश्नसँग सम्बन्धित आफ्नो टिप्पणी पेश गरेको थियो जसमा उजुरीको ग्राह्यता सम्बन्धी टिप्पणी पक्ष राष्ट्रले फेरि दोहोर्याएको छ।

६.२ १३ मार्च २०१३ (२०६९/११/३०) मा राष्ट्रपतिद्वारा बेपत्ता व्यक्तिको छानबिन सम्बन्धी आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग सम्बन्धी अध्यादेश जारी भएको छ र सो कार्यको लागि उच्चस्तरीय आयोग गठन गर्न राज्यको नियत रहेको भनि पक्ष राष्ट्रले समितिलाई जानकारी गराएको छ। यस परिधिमा, सङ्क्रमणकालीन न्यायको पद्धति स्थापना हुने क्रममा रहेको हुँदा समितिले नेपालमा द्वन्द्वको बेला भएको घटनाको मुद्दाहरू निरूपण गर्न उपयुक्त हुँदैन।

[9] उजुरीकर्ताले Human Rights Watch, “Indifference to duty: impunity for crimes committed in Nepal” १४ डिसेम्बर २०१० (२०६७/१०/२८) उल्लेख गरेकी छिन् ।

**उजुरीको कानुनी प्रश्न माथि पक्ष राष्ट्रको टिप्पणी उपर उजुरीकर्ताको प्रतिक्रिया**

७.१ उजुरीको कानुनी प्रश्न माथि पक्ष राष्ट्रको टिप्पणी उपर २४ जुन २०१३ (२०७०/०३/१०) र १० जनवरी २०१४ (२०७०/०९/२६) मा उजुरीकर्ताले आफ्नो प्रतिक्रिया पेश गरेकी थिइन्। राज्यले मुद्दाको कानुनी प्रश्न सम्बोधन गर्न नसकेको र यसबाट उनको पीडा प्रति बेवास्ता भएको भनी उनले खेद प्रकट गर्छिन्। उनको पतिको वर्तमान अवस्था बारे राज्यले कुनै जानकारी दिन नसकेको कारण यस बारे तथ्य पत्ता लगाउने उनको प्रयास निरर्थक भएको छ।

७.२ २ जनवरी २०१४ (२०७०/०९/१८) मा बेपत्ता व्यक्तिको छानबिन सम्बन्धी आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग सम्बन्धी अध्यादेशलाई सर्वोच्च अदालतले असंवैधानिक र अन्तरराष्ट्रिय मान्यताको विपरीत भएको फैसला जारी गरेको छ। सर्वोच्च अदालतले अधिकारीहरूलाई नयाँ आयोग स्थापना गर्न आदेश जारी गरेको छ तर कुनै निश्चित म्याद तोकेको छैन।

**थप टिप्पणी**

*पक्ष राष्ट्रको थप टिप्पणी*

८.१ बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, संसदले अप्रिल २०१४ मा पारित गरेको छ र छिट्टै , सत्य निरूपण तथा मेलमिलाप आयोग स्थापना हुनेछ भनि पक्ष राष्ट्रले ११ अगस्ट र ११ डिसेम्बर २०१४ (२०७१/०४/२६ र २०७१/१०/२५) मा समितिलाई सूचित गराएको थियो। सो ऐनको मुख्य प्रावधान बारे र सो ऐन राज्य र गैर-राज्य पक्षहरूले पहिले गरेका मानव अधिकारको उल्लङ्घनका घटनाहरूलाई सम्बोधन गर्न एउटा ऐतिहासिक कदम रहेको जानकारी गराएको थियो। यातना दिने तथा व्यक्तिलाई बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्ने विधेयकको मस्यौदा पनि तयार भएको र सो विधेयकलाई पुन: संसदमा पेश गर्ने तयारी भइरहेको छ भनि राज्यले जानकारी गराएको थियो। सङ्क्रमणकालीन न्यायको संयन्त्र बिना फौजदारी न्याय प्रणालीले मात्रै पीडितहरूलाई पूर्ण उपचार दिन सक्दैन। यस अर्थमा सो संयन्त्रहरू स्थापना भएपछि उजुरीकर्ताको दाबीहरू सम्बोधन हुनेछन्।

८.२ मुलुकी ऐन अन्तर्गत अपहरण र शरीर बन्धक बनाउने सम्बन्धी महल लागू अवस्थामा रहेको भए तापनि उजुरीकर्ताले उनको पतिको बलपूर्वक बेपत्ता सम्बन्धी सम्बन्धित निकायमा जाहेरी दर्ता नगराएको पक्ष राष्ट्रले उल्लेख गरेको छ।
८.३ श्री नकर्मीको परिवारलाई अन्तरिम राहत स्वरूप ने.रू ३००००० दिएको भनि सङ्क्रमणकालीन न्यायको अवस्था बारे पक्ष राष्ट्रले दोहोर्याएको छ।

*उजुरीकर्ताद्वारा थप टिप्पणी*

९. बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन अन्तर्गतका विभिन्न प्रावधानहरू अन्तरराष्ट्रिय मान्यता[10]अनुसार नभएको र यसबाट प्रभावकारी उपचार प्राप्त नहुने जिकिर गर्दै उजुरीकर्ताले २ सेप्टेम्बर २०१४ (२०७१/०५/१७) र १२ जनवरी २०१५ (२०७१/०९/२८) मा सङ्क्रमणकालीन न्याय सम्बन्धी आफ्नो आरोप दोहोर्याएकी छिन्।

## समिति सामु रहेको विषय र कार्यवाही

*ग्राह्यता सम्बन्धी विचार*

१०.१ सञ्चारमा उल्लेख गरिएको कुनै दाबी उपर विचार गर्नुअघि, समितिले कार्यविधि नियमावलीको नियम ९३ बमोजिम यस मुद्दा ग्राह्य छ वा छैन भनि निरूपण गर्नुपर्ने हुन्छ।

१०.२ ऐच्छिक आलेखको धारा ५(२) (क) मा उल्लेख भए अनुसार यही मुद्दा अन्य कुनै अन्तरराष्ट्रिय अनुसन्धान वा निरूपण पद्धतिद्वारा निरूपण भइरहेको छैन भन्ने समितिले ठहर गरेको छ।

१०.३ घरेलु उपचारका सबै उपायहरू प्रयोग गरेर सक्नुपर्ने नियमको सम्बन्धमा, उजुरीकर्ताले मुलुकी ऐनको अपहरण र शरीर बन्धक सम्बन्धी महल अन्तर्गत जाहेरी दर्ता नगराएको कारण घरेलु उपचारको प्रयोगको समाप्ति नगरेको; र अन्तरिम संविधान २००७ अन्तर्गत स्थापना

[10] उजुरीकर्ताले OHCHR, “The Nepal Act on the Commission on Investigation of Disappeared Persons, Truth and Reconciliation, 2071 (2014) – as gazetted 21 May 2014 (२०७१/०४/०५)”, OHCHR प्राविधिक नोट; र OHCHR “Nepal: truth-seeking legislation risks further entrenching impunity, alert United Nations rights experts” ४ जुलाई २०१४ (२०७१/०३/२०) मा सम्प्रेषण भएको समाचार ।

भएको सङ्क्रमणकालीन न्याय संयन्त्रद्वारा यस मुद्दाको निरूपण हुने भन्ने पक्ष राष्ट्रको दाबी नोट गरेको छ। उजुरीकर्ताले दुई पटक जिल्ला प्रहरी कार्यालयमा जाहेरी दरखास्त दर्ता गराउने प्रयास गरेको र दोस्रो जाहेरी १९ जुन २००९ (२०६६/०३/०५) मा दर्ता भएको र सरकारी मुद्दा सम्बन्धी ऐन १९९२ को अनुसूची १ मा बलपूर्वक बेपत्ता, यातना, र गैरकानुनी हत्या उल्लेख नभएको कारण जाहेरी उपयुक्त उपचार नभएको र यातना सम्बन्धी ऐनमा अधिकतम ने.रू १,००,००० सम्मको क्षतिपूर्ति को मात्र व्यवस्था भएको र फौजदारी दायित्वको व्यवस्था नभएको; र सङ्क्रमणकालीन न्यायका संयन्त्रले न्यायमा पहुँचलाई प्रतिस्थापन गर्न नसक्ने र यसलाई उपयोग गर्नुपर्ने प्रभावकारी उपचार मान्न नसकिने भन्ने उजुरीकर्ताको दाबी समितिले नोट गरेको छ। २६ अगस्ट २०१० (२०६७/०५/१०) मा उजुरीकर्ताको परमादेश रिट सर्वोच्च अदालतले खारेज गरेको कुरा समितिले नोट गरेको छ। उनले आफ्नो पति बेपत्ता भएको घटनाबारे तुरुन्त उजुरी गरे तापनि हाल १३ वर्षसम्म पनि उनलाई बेपत्ता पारिएको घटनाको परिस्थिति स्पष्ट भएको छैन र यसबारे कुनै अनुसन्धान भएको छैन। गम्भीर उल्लङ्घनको घटनामा न्यायिक उपचार आवश्यक हुने आफ्नो विधिशास्त्र समितिले स्मरण गरेको छ[11]। यस अर्थमा, बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०१४ द्वारा स्थापित सङ्क्रमणकालीन न्यायका निकायहरू न्यायिक निकाय नभएको र तिनले न्यायिक उपचार दिन नसक्ने भनि समितिले विचार गरेको छ [12]। त्यसैगरी, पक्ष राष्ट्रले पहिचान गरेको उपचारका उपायहरू प्रभावकारी नभएको र ऐच्छिक आलेखको धारा ५ (२) (ख) अन्तर्गत यस मुद्दा निरूपण गर्न कुनै बाधा नभएको भन्ने निष्कर्षमा समिति पुगेको छ।

१०.४ उजुरीकर्ताका आरोपहरू स्थापित हुन नसकेको भन्ने पक्ष राष्ट्रको दाबी समितिले नोट गरेको छ। यस मुद्दाको ग्राह्यताको लागि उजुरीकर्ताले आफ्नो आरोपहरू युक्तिसङ्गत तर्कद्वारा पर्याप्त मात्रामा स्थापित गरेको भन्ने समितिको राय रहेको छ। मुद्दाको ग्राह्यताको सबै मापदण्डहरू पूरा भएकाले यो मुद्दा ग्राह्य रहेको समितिले घोषणा गरेको छ र यस मुद्दाको मूल कानुनी प्रश्न परीक्षण गर्नेतर्फ समिति अगाडि बढेको छ।

*मूल कानुनी प्रश्न माथिको विचार विमर्श*

---

[11] उजुरी नं १७६१/२००८, *Giri v. Nepal*, २४ मार्च २०११ (२०६७/१२/१०) मा अभिमत पारित, अनुच्छेद ६.३

[12] उजुरी नं २०३८/२०११, Tharu et.al v. Nepal, अनुच्छेद ९.३.

११.१ ऐच्छिक आलेखको धारा ५ (१) अन्तर्गत यस समितिले पक्षहरूद्वारा पेश गरिएका सबै जानकारी माथि विचार गरेको छ।

११.२ उजुरीकर्ताको पतिलाई बलपूर्वक बेपत्ता पारिएको भन्ने उजुरीकर्ताको दाबी समितिले नोट गरेको छ; २३ सेप्टेम्बर २००३ (२०६०/०६/०६) मा उनको पतिलाई सादा कपडा लगाएका आफूलाई सुरक्षाकर्मी भनि चिनाउने शाही नेपाल सेनाका व्यक्तिहरूले पक्राउ गरी भैरवनाथ ब्यारेक लगेको; सो पक्राउको बारेमा उनले तुरुन्त उजुरी गरेको र दुई जाहेरी दरखास्त दर्ता गराएको र परमादेश रिट दर्ता गराएको भएतापनि अधिकारीहरूद्वारा कुनै शीघ्र, निष्पक्ष, पूर्ण र स्वतन्त्र अनुसन्धान नभएको; र बयानहरूको अनुसार उनको पतिलाई भैरवनाथ ब्यारेकमा सम्पर्कविहीन थुनामा राखिएको र थुनाको क्रममा उनीलाई यातना दिइएको कारण उनको मृत्यु भएको भन्ने उजुरीकर्ताका आरोपहरू समितिले नोट गरेको छ। आजसम्म पनि उनको हालखबर पत्ता लागेको छैन र सो घटनासँग सम्बन्धित कसैलाई समाह्वान गरिएको छैन र कसैलाई दोषी करार गरिएको छैन।

११.३ उजुरीकर्ताको पतिलाई पक्राउ गरिएको, थुनामा राखिएको, बलपूर्वक बेपत्ता पारिएको, यातना दिइएको, र स्वेच्छाचारी हत्या गरिएको भन्ने उजुरीकर्ताको आरोपको कुनै प्रत्यक्ष र परिस्थितिजन्य प्रमाण नरहेको र सो सबै शंका मात्रै रहेको र सोही कारण सर्वोच्च अदालतले २६ अगस्ट २०१० (२०६७/०५/१०) मा फैसला गरी परमादेशको रिट पनि खारेज गरेको भन्ने पक्ष राष्ट्रको दाबी नोट गर्दछ।

११.४ प्रमाणमा उजुरीकर्ता र पक्ष राष्ट्रको बराबर पहुँच नहुने, र धैरै जसो पक्ष राष्ट्रको मात्रै आवश्यक जानकारीमा पहुँच हुने हुँदा प्रमाणको भार उजुरीकर्तामा मात्रै हुने भनि मान्न सकिँदैन भनि समितिले आफ्नो तर्क माथि पुन: जोड दिएको छ[13]। ऐच्छिक आलेख को धारा ४(२) अनुसार राज्य माथि असल नियतका साथ राज्य र राज्यका प्रतिनिधिहरू माथि लागेको अनुबन्धको उल्लङ्घनको आरोपहरूको अनुसन्धान गर्ने र आफूसँग भएको जानकारी समितिलाई दिने जिम्मेवारी हुन्छ। उजुरीकर्ताहरूले विश्वसनीय प्रमाणका साथ पक्ष राष्ट्र उपर आरोप पेश

[13] उजुरी नं १४२२/२००५, *El Hassy v. Libyan Arab Jamahiriya,* २४ अक्टोबर २००७ (२०६४/०७/०७) मा अभिमत पारित, अनुच्छेद ६.७; नं १२९७/२००४, *Medjnoune v. Algeria,* १४ जुलाई २००६ (२०६३/०३/३०) मा अभिमत पारित, अनुच्छेद ८.३. र नं १८०४/२००८, *Il Khwildy v. Libya,* १ नोभेम्बर २०१२ (२०६९/०७/१६) मा अभिमत पारित, अनुच्छेद ७.२

गरेकोमा तथा सो सम्बन्धमा थप प्रष्टीकरणको विषय केवल पक्ष राष्ट्रसँग भएको सूचनामा आधारित हुने भएकोमा, पक्ष राष्ट्रले ती आरोपहरू खण्डन गर्ने कुनै सन्तोषजनक प्रमाण वा स्पष्टीकरण नदिए समितिले उजुरीकर्ताका आरोपहरू पुष्टि भएको मान्न सक्छ।

११.५ अनुबन्धले कुनै पनि धारामा "बलपूर्वक बेपत्ता पारिएको" भन्ने शब्द स्पष्ट रूपमा प्रयोग गरेको नभएतापनि उक्त सन्धिले पहिचान गरेको विभिन्न अधिकारहरू निरन्तर रूपमा उल्लङ्घन गरेको देखाउने बेग्लै तथा अन्तरसम्बन्धित कार्यहरूले बलपूर्वक बेपत्ता पारिएको अवस्थाको सिर्जना गर्दछ भन्ने कुरालाई समितिले मनन गरेको छ[14]।

११.६ हालको मुद्दामा, उजुरीकर्ताले आफ्नो पतिको हालखबर थाहा पाउन शाही नेपाली सेनाको भैरवनाथ ब्यारेक र लगनखेल ब्यारेक र नक्सालको प्रहरी मुख्यालय र हनुमान ढोका, काठमाडौंको जिल्ला प्रहरी कार्यालय समेत गएको भन्ने उजुरीकर्ताको दाबी पक्ष राष्ट्रले इन्कार नगरेको समितिले मनन गरेको छ। तथापि, अधिकारीहरूले श्री नकर्मी पक्राउ भएको कुरा धेरै पटक इन्कार गरेका थिए। सर्वोच्च अदालतमा परमादेशको रिटको सिलसिलामा पनि अधिकारीहरूले सोही कुरा भनेका थिए। नेपालमा मानव अधिकार सम्बन्धी उच्च आयुक्तको कार्यालय (OHCHR-Nepal) र राष्ट्रिय मानव अधिकार आयोगको क्रमशः २००६ र २००९ का प्रतिवेदनहरू अनुसार र भैरवनाथ ब्यारेकमा रहेका पूर्व थुनुवाहरूको बयान अनुसार उजुरीकर्ताको पतिलाई अन्तिम पटक डिसेम्बर २००३ र फेब्रुअरी २००४ को बीच ब्यारेकमा सेनाको हिरासतमा देखिएको थियो र सोही क्रममा उनी बिरामी भएको र उनी माथि भएको यातनाको कारण उनको मृत्यु भएको विश्वास गरिएको कुरा समितिले नोट गरेको छ। त्यसैगरी, ८३ जना बेपत्ता व्यक्तिको बन्दी प्रत्यक्षीकरणको रिट सम्बन्धी १ जुन २००७ (२०६४/०२/१८) मा भएको सर्वोच्च अदालतको फैसलामा, एक रिट निवेदकका अनुसार उजुरीकर्ताको पतिलाई यातना दिइएको कारण उनको मृत्यु भएको थियो भनि टिप्पणी गरिएको थियो। राष्ट्रिय मानव अधिकार आयोग र रेड क्रसको अन्तरराष्ट्रिय समितिको द्वन्द्वको समयमा बेपत्ता पारिएका र हराएको व्यक्तिको नामको सूचीमा श्री नकर्मीको नाम उल्लेख छ। उजुरीकर्ताले पेश गरेका दस्तावेजका आधारमा, उजुरीकर्ताको पतिलाई बलपूर्वक बेपत्ता पारिएको सम्बन्धमा पक्ष राष्ट्रले पर्याप्त र ठोस

[14] उजुरी नं २०००/२०१०, *Katwal v. Nepal,* १ अप्रिल २०१५ (२०७१/१२/१८) मा अभिमत पारित, अनुच्छेद ११.३; र नं २१३४/२०१२, *Serna et. al v. Columbia*, ९ जुलाई २०१५ (२०७२/०३/२४) मा अभिमत पारित, अनुच्छेद ९.४

स्पष्टीकरण नदिएको समितिको राय रहेको छ। बलपूर्वक बेपत्ता पार्ने सम्बन्धमा स्वतन्त्रताबाट वञ्चित गरेको अवस्था, तत्पश्चात् स्वतन्त्रताबाट वञ्चित गरेको बारे जानकारी दिन इन्कार गर्ने अवस्था वा बेपत्ता परेको व्यक्तिको बारेमा सत्य तथ्य लुकाउने कार्यले त्यस्तो व्यक्तिलाई कानुनको संरक्षणभन्दा बाहिर राख्ने तथा उसलाई वा उसको जीवनलाई गम्भीर तथा निरन्तर जोखिममा राख्ने र त्यसको जिम्मेवार पक्ष राष्ट्र भएको भन्ने कुरालाई समितिले स्मरण गरेको छ। प्रस्तुत  मुद्दामा पक्ष राष्ट्रले श्री नकर्मीको जीवनको रक्षा गर्ने आफ्नो दायित्व पूरा गरेको भन्ने देखिने कुनै प्रमाण पेश गरेको छैन[15]। श्री नकर्मीको जीवनको रक्षा गर्ने आफ्नो दायित्व निर्वाह गर्न पक्ष राष्ट्र असफल भएको र अनुबन्धको धारा ६(१) को उल्लङ्घन गरेको समितिको निष्कर्ष रहेको छ।

११.७ सेप्टेम्बर २००३ (२०६०/०५/२१) देखि उजुरीकर्ताको पतिलाई सम्पर्कविहीन थुनामा राखिएको र अन्ततः उनलाई बलपूर्वक बेपत्ता पारिएकोले अनुबन्धको धारा ७ को उल्लङ्घन भएको; नेपालमा मानव अधिकार सम्बन्धी उच्च आयुक्तको कार्यालय (OHCHR-Nepal) र राष्ट्रिय मानव अधिकार आयोगका प्रतिवेदनहरू अनुसार उनलाई थुनामा रहेको बेला यातना दिइएको जसका कारण उनको स्वास्थ्यमा नकारात्मक असर परी सम्भवतः उनको मृत्यु भएको भन्ने उजुरीकर्ताका आरोपहरू समितिले मनन गरेको छ। बाहिरी दुनियाँबाट सम्पर्कविहीन राखी अनिश्चितकालसम्म थुनामा राख्दा हुने पीडालाई समितिले मनन गरेको छ। समितिले यातना वा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा सजायमा प्रतिबन्ध लगाउने सम्बन्धी आफ्नो सामान्य टिप्पणी नं. २०(१९९२) मा अज्ञात हिरासत अथवा सम्पर्कविहीन थुना विरुद्ध व्यवस्था गर्न पक्ष राष्ट्रहरूलाई सिफारिस गरेको छ। यस मुद्दामा पक्ष राष्ट्रको सन्तोषजनक स्पष्टीकरणको अभावमा उजुरीकर्ताको पतिलाई बलपूर्वक बेपत्ता पारिनुले र थुनामा हुँदा उनी माथि गरिएको व्यवहारले अनुबन्धको धारा ७ को उल्लङ्घन भएको समितिको निष्कर्ष रहेको छ। यस निष्कर्ष पश्चात् यही आधारमा उठाइएका अनुबन्धको धारा १०(१) सम्बन्धी दाबीहरू समितिले परीक्षण गर्ने छैन।

११.८ श्री नकर्मीलाई बेपत्ता पारिनुले र सो सम्बन्धी परिस्थितिको जानकारीको अभावले उजुरीकर्ता र उनको नाबालक छोरीलाई पुगेको पीडा र यातना समितिले मनन गरेको छ। उनको वर्तमान

[15] *उजुरी नं १९१३/२००९, Aushaala v. Libya, १८ मार्च २०१३ (२०६९/१२/०५) मा अभिमत पारित, अनुच्छेद ६.२.*

अवस्था पत्ता लगाउन कुनै अनुसन्धान भएको छैन र उनको मृत्यु भएको भए उनको अवशेष उनको परिवारलाई फिर्ता गरिएको छैन। यी तथ्यहरूले उजुरीकर्ता र उनको नाबालक छोरीको हकमा अनुबन्धको धारा ७ को उल्लङ्घन भएको समितिको राय रहेको छ। यस निष्कर्षपश्चात् यही आधारमा उठाइएका अनुबन्धको धारा २४ (१) सम्बन्धी दाबीहरू समितिले परीक्षण गर्ने छैन।

११.९ उजुरीकर्ताको पतिलाई शाही नेपाली सेनाका सदस्यले पक्राउ पुर्जी बिना पक्राउ गरेको र उनलाई कुनै न्यायाधीश वा अधिकार प्राप्त अधिकारी समक्ष प्रस्तुत नगरिएको र उनलाई आफ्नो पक्राउको वैधानिकता कुनै अदालत समक्ष उजुर गर्न नदिइएको भन्ने धारा ९ अन्तर्गतका उजुरीकर्ताका आरोपहरू समितिले नोट गर्दछ। यस सम्बन्धमा पक्ष राष्ट्रको प्रतिक्रियाको अभावमा उजुरीकर्ताको पतिको पक्राउले अनुबन्ध को धारा ९ अन्तर्गत उनको अधिकारको उल्लङ्घन भएको समितिको राय रहेको छ।

११.१० धारा १६ को कथित उल्लङ्घनको सम्बन्धमा, उजुरीकर्ताको पतिलाई शाही नेपाली सेनाका सदस्यले उजुरीकर्ता र श्री नकर्मीको आमा र भाइ लगायत विभिन्न प्रत्यक्षदर्शीको अगाडि पक्राउ गरिएको; र त्यसपश्चात् पक्ष राष्ट्रले उनको पतिको अवस्था बारे कुनै जानकारी नदिएको; र उनको अवस्था पत्ता लगाउन कुनै अनुसन्धान नगरी उनलाई कानुन संरक्षणबाट बाहिर राखेको उजुरीकर्ताको आरोप समितिले नोट गर्दछ। कुनै व्यक्तिलाई नियोजित रूपमा कानुनको संरक्षणबाट वञ्चित गर्नाले सो व्यक्तिको कानुनका अगाडि व्यक्तिको रूपमा पहिचान हुन पाउने अधिकार हनन हुन्छ खासगरी जब प्रभावकारी उपचार पाउने सो व्यक्तिको र उनको परिवारको अधिकारलाई व्यवस्थित रूपमा कुण्ठित गरिन्छ भन्ने धारणा समितिको रहेको छ[16]। तसर्थ, श्री नकर्मीलाई बलपूर्वक बेपत्ता पारिनुले उनलाई कानुनको संरक्षण र कानुन बमोजिम व्यक्तिको पहिचान पाउने अधिकार हनन गरी अनुबन्धको धारा १६ को उल्लङ्घन भएको छ भनी समिति निष्कर्षमा पुगेको छ।

११.११ उजुरीकर्ताले अनुबन्धको धारा २(३) उद्धृत गरेकी छिन् जस अनुसार अनुबन्ध अन्तर्गत प्राप्त अधिकार हनन भएमा सो व्यक्तिलाई प्रभावकारी उपचार दिनु पक्ष राष्ट्रहरूको दायित्व

[16] उजुरी नं २१६४/२०१२, *Basnet v. Nepal,* १२ जुलाई २०१६(२०७३/०३/२८) मा अभिमत पारित, अनुच्छेद १०.९; *Tharu et. al v. Nepal,* अनुच्छेद १०.९ र *Serna et al. v. Columbia* अनुच्छेद ९.५

हुन्छ। यस्ता अधिकार हननको मुद्दाहरूलाई सम्बोधन गर्न पक्ष राष्ट्रहरूले न्यायिक र प्रशासनिक निकायहरू स्थापना गर्नुलाई समितिले महत्त्वको साथ हेरेको छ। अनुबन्ध अनुसार राज्यहरूको सामान्य कानुनी दायित्व सम्बन्धी सामान्य टिप्पणी नं ३१ (२००४) को पृष्ठ 15 लाई समितिले उल्लेख गरेको छ जस अनुसार उल्लङ्घनका आरोपहरूको अनुसन्धान गर्न नसक्नूबाट अनुबन्धको छुट्टै उल्लङ्घन भएको मान्न सकिन्छ। हालको मुद्दामा उजुरीकर्ताको पतिको पक्राउ लगतै उनले शाही नेपाली सेनाको विभिन्न ब्यारेकहरूमा र प्रहरीमा सोधपुछ गरेको र पछि परमादेशको रिट समेत दर्ता गरेको भनि समितिले नोट गर्दछ। उजुरीकर्ताले यी प्रयासहरूका बावजुद, उनको पति बेपत्ता भएको १३ वर्ष बितिसक्दा पनि, उनको पतिको थुना सम्बन्धी परिस्थिति थाहा पाउन, उनको हालखबर पत्ता लगाउन र पीडकहरूलाई न्यायको पहुँचमा ल्याउनका लागि कुनै प्रभावकारी अनुसन्धान गरिएको छैन। तसर्थ, श्री नकर्मी बेपत्ता पारिएको सम्बन्धमा शीघ्र, गहन र प्रभावकारी अनुसन्धान गर्न पक्ष राष्ट्र असफल भएको समितिको निष्कर्ष रहेको छ। यसको अतिरिक्त, उजुरीकर्ताले प्राप्त गरेको आर्थिक अन्तरिम राहत पर्याप्त छैन र उल्लङ्घनको गम्भीरता अनुसारको छैन। श्री नकर्मीको सम्बन्धमा धारा २(३) को र संयुक्त रूपमा धारा ६(१), ७, ९, र १६ को उल्लङ्घन भएको र उजुरीकर्ता र उनकी नाबालक छोरीको सम्बन्धमा धारा २(३) को र संयुक्त रूपमा धारा ७ को उल्लङ्घन भएको समितिको निष्कर्ष रहेको छ।

१२. ऐच्छिक आलेखको धारा ५(४) अन्तर्गत रही समिति आफू समक्ष प्राप्त जानकारीले पक्ष राष्ट्रले श्री नकर्मीको हकमा एकल रूपमा धारा ६,७,९ र १६ तथा धारा ६,७,९ र १६ सँग संयुक्त रूपमा धारा २ (३) र श्रीमती नकर्मी र उनकी नाबालक छोरीको हकमा धारा (७) र साथै संयुक्त रूपमा धारा (७) र धारा २(३) को उल्लङ्घन गरेको निष्कर्ष निकालेको छ ।

१३. अनुबन्धको धारा २(३)(क) अन्तर्गत, उजुरीकर्तालाई प्रभावकारी उपचार प्रदान गर्नु पक्ष राष्ट्रको दायित्व हो। अनुबन्ध अन्तर्गतका अधिकारहरू उल्लङ्घन भएका व्यक्तिहरूलाई पक्ष राष्ट्रले पूर्ण परिपूरण दिनुपर्छ। पक्ष राष्ट्रको देहाय बमोजिमका थप दायित्वहरू पनि रहेका छन् : (क)श्री नकर्मी बेपत्ता हुनुको पूर्ण र प्रभावकारी अनुसन्धान गर्नु र उजुरीकर्ताहरूलाई अनुसन्धानको पूरा जानकारी उपलब्ध गराउनु; (ख) श्री नकर्मीको मृत्यु भइसकेको भए उनको अवशेष बारे पत्ता लगाई उनको परिवारलाई हस्तान्तरण गर्नु; (ग) उल्लङ्घनमा सामेल व्यक्तिहरू माथि मुद्दा चलाउनु, उनीहरूलाई कारबाही गर्नु र सोको परिणाम सार्वजनिक गर्नु; (घ) उजुरीकर्ता

र उनकी नाबालक छोरीलाई आवश्यक र पर्याप्त मनोवैज्ञानिक पुनर्स्थापना र चिकित्सा उपचारको प्रत्याभूति गर्ने; (ङ) उजुरीकर्ता, उनकी नाबालक छोरी, र जिउँदो भए श्री नकर्मीलाई पनि पर्याप्त क्षतिपूर्ति प्रदान गर्नु र सन्तुष्टिको उचित प्रबन्ध गर्नु। यस प्रकारका उल्लङ्घनका घटनाहरू भविष्यमा नघटून् भनी रोक्ने दायित्व पनि पक्ष राष्ट्रको हुन्छ। पक्ष राष्ट्रले आफ्नो कानुनद्वारा विशेषगरी निम्न बमोजिम कुराहरू सुनिश्चित गर्नुपर्ने हुन्छ - (क) यातना, गैर न्यायिक हत्या तथा बलपूर्वक बेपत्ता पार्ने कार्य जस्ता गम्भीर मानवअधिकार उल्लङ्घनमा जिम्मेवारहरू उपर फौजदारी अभियोग गराउने कानुनी व्यवस्था गर्ने; (ख) बेपत्ता पारिएको घटनाका सम्बन्धमा द्रुत, निष्पक्ष तथा प्रभावकारी अनुसन्धानको प्रत्याभूति गर्ने।

१४. ऐच्छिक आलेखको पक्ष राष्ट्र हुँदा पक्ष राष्ट्रले अनुबन्धको उल्लङ्घन भए नभएको यकिन गर्ने समितिको सक्षमता स्वीकार गरेको कुरालाई ध्यानमा राख्दै अनुबन्धको धारा २ बमोजिम पक्ष राष्ट्रले आफ्नो इलाकाभित्र वा आफ्नो क्षेत्राधिकार अन्तर्गत रहेका सबै व्यक्तिलाई अनुबन्धमा उल्लिखित अधिकार सुनिश्चित गर्ने कुरा र उक्त अधिकार उल्लङ्घन भएको स्थापित भएमा प्रभावकारी र कार्यान्वयनयोग्य उपचार उपलब्ध गराउने दायित्व स्वीकार गरेको छ।तसर्थ, समितिले दिएको राय कार्यान्वयन गर्ने सम्बन्धमा पक्ष राष्ट्रबाट अपनाइएका उपायहरूको बारेमा १८० दिन भित्र जानकारी प्राप्त गर्ने अपेक्षा गरेको छ। साथै, यी विचारहरूलाई प्रकाशन गर्न र पक्ष राष्ट्रका आधिकारिक भाषाहरूमा व्यापक रूपमा प्रचारप्रसार गर्न/गराउन पनि पक्ष राष्ट्रलाई समिति अनुरोध गर्दछ।